आज मिति २०७६।१२।२० गतेका दिन उच्च सरकारी वकील कार्यालय तुलसीपुरका कार्यालय प्रमुख एवं सहन्यायाधिवक्ता श्रीमान् मोहन सागर खत्यालज्यूको अध्यक्षतामा देहायका कर्मचारीहरुको उपस्थितीमा बैठक बसी देहायका प्रस्तावहरुमा छलफल गरी देहाय बमोजिमको निर्णय गरीयो ।

उपस्थिती

सहन्यायाधिवक्ता श्री मोहन सागर खत्याल

उप-न्यायाधिवक्ता श्री चन्द्र बहादुर सिंजाली

सहायक न्यायाधिवक्ता श्री टिका कुमारी रोका (के.छी.)

नायब सुब्बा वासुदेव पन्थी

नायब सुब्बा श्री तेज कुमार पाण्डेय

सहायक कम्प्युटर अपरेटर श्री दिक्षा गुरुङ

हलुका सवारी चालक श्री परशुनन्दन चौधरी

कार्यालय सहयोगी श्री बुद्धिराम चौधरी

" " श्री महेश चौधरी

कार्यालय सहयोगी श्री रिता रिजाल

कार्यालय सहयोगी श्री विपिन बली

छलफलका लागि प्रस्तुत एजेण्डाहरु:-

१. कार्यसमिक्षा एवं मुद्दा व्यवस्थापन सम्बन्धमा

२. भावी कार्यदिशा सम्बन्धमा

३. विविध

प्रस्ताव नं. १मा छलफल गर्दा प्रत्येक कर्मचारीले आ-आफ्नो कार्य विवरण एवं जिम्मेवारीमा भर गरेका कामहरुको सामूहीक रुपमा समिक्षा गर्दै पूर्ववत निर्णयहरु कार्यान्वयन गर्न सहयोग पुऱ्याउने सबैमा कार्यालय प्रमुख श्रीमान् मोहन सागर खत्यालज्यूबाट धन्यवाद ज्ञापन भयो। सेवा प्रवाहलाई अझ बढि प्रभावकारी बनाउन इमान्दारीतापूर्वक आफ्नो जिम्मेवारी निर्वाह गर्ने गराउने निर्णय गरीयो।

यस कार्यालयको मातहत कार्यालयहरुबाट सम्बन्धित अड्डा अदालत समक्ष दायर भएका अभियोग पत्रका विद्युतीय प्रतिहरु नियमीत रुपमा वेबसाइटमा अपलोड हुने गरेको नदेखिएको र यसै सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयको च.नं. १४३० मिति ७६।१२।२० गतेको परिपत्र समेतलाई मध्यनजर गरी २०८० साल बैशाख १ गतेदेखि दायर हुने अभियोगपत्रको विद्युतीय प्रतिहरु अभियोगपत्र दायर भएकै दिनमा अनिवार्य रुपमा वेबसाइटमा अपलोड गर्ने र सोही बमोजिम गर्ने गराउने एवं हेलो साक्षी कार्यक्रमलाई प्रभावकारी बनाउन बकपत्र एवं साक्षी विवरण उल्लेखित डायरी खडा गरी साक्षी बकपत्रमा साक्षीहरुसँग सम्पर्क गरी

अभिलेखबद्ध गर्ने व्यवस्था मिलाउने र सोही बमोजिम गर्न गराउन मातहत जिल्ला सरकारी वकील कार्यालयहरुमा लेखि पठाउने निर्णय गरीयो। साथै कानूनी सचेतना तथा समुदायमा सरकारी वकील कार्यक्रमलाई थप प्रभावकारी बनाउने निर्णय गरीयो।

प्रस्ताव नं. २ मा छलफल गर्दा माननीय महान्यायाधिवक्ता डा. दिलमणी पोखरेलको पद बहाली पछि १०० दिनमा भएका कार्यहरु र महान्यायाधिवक्ताको कार्यालयको भावी कार्यदिशा सम्बन्धमा कार्यालय प्रमुखले कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई जानकारी गराई छलफल गरीयो। उल्लेखित भावी कार्यदिशालाई मूर्त रुप दिनका लागि यस कार्यालय तथा मातहत कार्यालयको तर्फबाट दत्तचित्तका साथ पूर्णरुपमा सहयोग, समन्वय एवं परिपालना गर्ने। गराउने निर्णय गरीयो।

प्रस्ताव नं. ३ मा छलफल गर्दा आउँदै गरेको नयाँ वर्ष २०८० को उपलक्ष्यमा कार्यालय प्रमुख श्रीमान् मोहन सागर न्यौपानेबाट कार्यालय परिवारमा हार्दिक शुभकामना व्यक्त गर्नुहुँदै कार्यालय परिवारले सब आपसमा हार्दिकताका साथ शुभकामना आदानप्रदान गरीयो।

२०६५/१२/३०